नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.- ५४१, दायर मिति-: २०८१।०१।३०

फैसला मिति- २०८१।०१।३०

वादी

प्र.स.नि.भुलेन्द्र कुमार गिरी समेतको प्रतिवेदनले नेपाल सरकार..........................१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.११ बस्ने कईम मियाँ धुनियाको छोरा वर्ष २२ को कुरबान मियाँ धुनिया .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले घटनास्थल सडकमा प्रतिवेदक समेतका प्रहरीले फेला पारी हराएको मोबाईल सम्बन्धमा सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन।

२. प्रतिवादीलाई प्रहरीले फेला पारी हराएको मोवाईल सम्बन्धमा सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हराएको मोवाईल सम्बन्धमा सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. हराएको मोवाईल सम्बन्धमा सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका लालु देवान समेतको घटनाविवरण कागज ।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

## ठहर-खण्ड

यसमा मिति २०८१।१।७ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१३ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी लाई कैद दिन २३ र जरिवाना रु५०००/- अक्षेरेपी पाँच हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी कुरबान मिया धुनिया लाई ठहरेको कैद दिन २३ को हकमा निज मिति २०८०।०१।०७ देखि २०८१।०१।२९ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.५०००/- असुल उपर गर्नु असुल उपर हुन नसकेमा १ दिनको रु.३००/- का दरले कट्टा मिनाहा गरी कैदमा राख्न कारागार कार्यालय, पर्सा वीरगंजलाई पत्र लेख्नु -------------------------------------- १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल बैशाख महिना ३० गते रोज १/ने.सं. १४४४ बछलाथ्व ५,शुभम् .....